# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(..........कर्मचारी प्रशासन..... शाखा)

पत्र संख्या :- २०८२/०८३ (परिपत्र)

चलानी नं. :- ४८४

रामशाहपथ, काठमाडौं

मिति :- २०८२/०५/२०

ने.स .११४५ अलाथ्व १३

विषय : परिपत्र सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय सबै,
विशेष सरकारी वकील कार्यालय, काठमाण्डौ,
जिल्ला सरकारी वकील कार्यालय ,सबै।

केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) मा *"कुनै कानून अन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसूरको मुद्दामा सजाय गर्नु पर्दा सोही कानून बमोजिम नै गर्नु पर्नेछ । तर कुनै फौजदारी कसूरको सजाय मुलुकी अपराध संहितामा लेखिए भन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ"* भन्ने व्यवस्था रहेको छ। तसर्थ, कुनै नेपाल कानून बमोजिम मुद्दा दायर हुँदाका बखत तोकिएको सजाय (कैद/जरिवाना) को दाबी गरिएकोमा पछि बनेको वा संशोधन भएको कानूनमा सो भन्दा कम सजाय (कैद/जरिवाना) हुने व्यवस्था भएकोमा नयाँ कानून वा संशोधित कानून बमोजिम सजाय हुने गरी फैसला भए उपर शुरु अभियोजन गर्ने सम्बन्धित सरकारी वकील कार्यालयबाट पुनरावेदन सम्बन्धी कारवाही नगरी सो मुद्दा कसूर कायम जनाई लगत कट्टा गरि फाईल व्यवस्थापन गर्नु भनी यस कार्यालयबाट मिति २०८२/०५/२० मा भएको निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

२०८२/०५/२०
..................
पुष्पराज बाँस्तोला
उपन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

Scanned with CamScanner